# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं. 066/077
च.नं. 2329

मिति: २०७७।१०।२२

श्री विषयगत शाखा (सबै)
श्री वडा कार्यालय सबै,
राप्ती नगरपालिका, चितवन ।

**विषयः परिपत्र सम्बन्धमा ।**

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (संघीय मामिला शाखा) को च.नं. ७५, मिति २०७७।१०।१६ को क्वारेन्टिन सम्बन्धी आदेश २०७७ साथै प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको च.नं. मं. बै./३२१/३३११ मिति २०७७।१०।११ को विदेशबाट नेपाल आगमन हुने यात्रुहरुको स्वास्थ्य सुरक्षा तथा क्वारेन्टिन सम्बन्धी आदेश, २०७७ यसै पत्रसाथ संलग्न राखी जानकारीको लागि पठाइएको व्यहोरा अनुरोध छ ।

गंगा बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

☎:०५६-५५००१५ । इमेल : rraptimunicipality42@gmail.com | वेवसाइट : www.raptimun.gov.np

नेपाल सरकार
संघीय मामिला तथा तथा सामान्य प्रशासन मन्त्रालय
(संघीय मामिला शाखा )

प.सं.२०७७/७८
च.नं. ६५

सिंहदरबार, काठमाडौं

दर्ता ५८० मिति २०७७/१०/२२ (राप्ती नगरपालिका)

मिति: २०७७/१०/१६

श्री स्थानीय तह सबै ।

विषय: क्वारेन्टिन सम्वन्धी आदेश २०७७ सम्वन्धमा ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको च.नं.मं.बै./३२१/३३११ मिति:२०७७/१०/११ गतेको यसै साथ संलग्न पत्रको छाँया प्रति यसै साथ संलग्न छ ।विदेश बाट नेपाल आगमन हुने यात्रुहरुको स्वास्थ्य सुरक्षा तथा क्वारेन्टिन सम्वन्धी आदेश,२०७७ आवश्यक कार्यांर्थ तथा जानकारीको लागी अनुरोध छ।

महेश कुमार दाहाल
शाखा अधिकृत

वोधार्थ:
१.श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,सिंहदरवार काठमाण्डौं ।
२.श्री सूचना तथा प्रविधि शाखा,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,ईमेल मार्फत उपलव्ध गराईदिनुहुन ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
चलानी नं. : मं.बै./३२१/३३११

मितिः २०७७/१०/११

श्री सचिव,
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ।

क्वारेन्टिनसम्बन्धी आदेश, २०७७ स्वीकृत गर्ने विषय मं.प.बै.सं. ६२/०७७ मिति २०७७/१०/११ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

<u>नेपाल सरकारको निर्णय–</u>

"यसैसाथ संलग्न विदेशबाट नेपाल आगमन हुने यात्रुहरूको स्वास्थ्य सुरक्षा तथा क्वारेन्टिनसम्बन्धी आदेश, २०७७ स्वीकृत गर्ने र सोको सूचना अतिरिक्ताङ्क गरी नेपाल राजपत्रमा प्रकाशन गर्ने ।"

(शंकरदास बैरागी)
मुख्यसचिव

**बोधार्थ तथा कार्यार्थः**

श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।
श्री सचिव, गृह मन्त्रालय ।
श्री सचिव, परराष्ट्र मन्त्रालय ।
श्री सचिव, रक्षा मन्त्रालय ।
श्री सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
श्री सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

टेलिफोन : [illegible]
फ्याक्स : [illegible]
इ-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

# विदेशबाट नेपाल आगमन हुने यात्रुहरूको स्वास्थ्य सुरक्षा तथा क्वारेन्टिनसम्बन्धी आदेश, २०७७

**प्रस्तावना:** कोभिड-१९ को नयाँ भेरियन्ट (SARS-CoV-2 VUI 2020/12/01) सङ्क्रमण भएका मुलुकबाट नेपाल आगमन हुने यात्रुहरूको क्वारेन्टिन, स्वास्थ्य सुरक्षा तथा परीक्षणको आवश्यक व्यवस्थापन गरी महामारी नियन्त्रण गर्न वाञ्छनीय भएकोले,

संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस आदेशको नाम "विदेशबाट नेपाल आगमन हुने यात्रुहरूको स्वास्थ्य सुरक्षा तथा क्वारेन्टिनसम्बन्धी आदेश, २०७७" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "कोभिड-१९ को नयाँ भेरियन्ट" भन्नाले सन् २०२० को डिसेम्बरमा बेलायतमा देखिएको कोभिड-१९ को नयाँ भेरियन्ट (SARS-CoV-2 VUI 2020/12/01) वा B.1.1.7 सम्झनु पर्छ।

(ख) "वायु सेवा" भन्नाले नेपालमा अन्तर्राष्ट्रिय उडान गर्ने वायु सेवा सम्झनु पर्छ।

(ग) "कोभिड-१९ को परीक्षण" भन्नाले RT-PCR, Gene Xpert वा True NAAT सम्झनु पर्छ र सो शब्दले विश्व स्वास्थ्य सङ्गठनबाट मान्यता प्राप्त तत्सम्बन्धी अन्य परीक्षणलाई समेत जनाउँछ।

३. **विवरण उपलब्ध गराउने:** (१) कुनै मुलुकमा कोभिड-१९ को नयाँ भेरियन्टको सङ्क्रमणको पुष्टि हुनासाथ सोको जानकारी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र सम्बन्धित मुलुकमा रहेको नेपाली नियोगले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण प्राप्त हुनासाथ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले वायु सेवा कम्पनीलाई सोको जानकारी दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको जानकारी पाउनासाथ वायु सेवाले यस आदेशमा उल्लेख भए बमोजिमको व्यवस्था तत्काल कार्यान्वयन गर्नु पर्नेछ।

४. **हवाई अनुमति दिने र उडान भर्नेसम्बन्धी व्यवस्था:** (१) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यस आदेशमा उल्लेख भएका व्यवस्थाको पूर्ण पालना गर्ने शर्तमा मात्र

अन्तर्राष्ट्रिय उडान अनुमति दिनु पर्नेछ। यो आदेश प्रारम्भ हुनु अघि उडान अनुमति दिइसकेका उडानका हकमासमेत सो शर्त अनिवार्य रूपमा लागू गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उडान अनुमति दिंदा विमानस्थलमा भीडभाड नहुने गरी दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम उडान अनुमति प्राप्त गरेका वायु सेवाले उडान भर्नु अघि कोभिड-१९ को नयाँ भेरियन्टको सङ्क्रमण भएका मुलुकबाट वा सो मुलुकमा ट्रान्जिट भई हवाई मार्गबाट नेपाल आगमन गर्ने सबै यात्रुको विवरण (प्यासेन्जर मेनिफेस्ट) तयार हुनासाथ ईमेलमार्फत् अग्रिम रूपमा नेपाल नागरिक उड्डयन प्राधिकरणलाई उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको विवरण नेपाल नागरिक उड्डयन प्राधिकरणले छिटो माध्यमबाट स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालय तथा जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र, काठमाडौंलाई उपलब्ध गराउनु पर्नेछ।

५. <u>जानकारी गराउनु पर्ने:</u> (१) कोभिड-१९ को नयाँ भेरियन्टको सङ्क्रमण भएका मुलुकबाट वा सो मुलुकमा ट्रान्जिट भई हवाई मार्गबाट नेपाल आगमन गर्ने यात्रुले यात्रा गर्नु अघि आफूले यात्रा गर्ने मिति तथा हवाइ उडान सम्बन्धी विवरण सम्बन्धित नेपाली कुटनीतिक नियोगलाई उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित नेपाली कूटनीतिक नियोगले यथाशीघ्र परराष्ट्र मन्त्रालयलाई सोको जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको जानकारी प्राप्त भएपछि परराष्ट्र मन्त्रालयले तत्काल सोको जानकारी गृह मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रलाई गराउनु पर्नेछ।

६. <u>कोभिड-१९ परीक्षण नेगेटिभ रिपोर्ट यात्रुको साथमा हुनुपर्ने:</u> (१) हवाई मार्गबाट नेपाल आगमन गर्ने सबै यात्रुको यात्रा गर्नु अघि स्वाव सङ्कलन भएको बहत्तर घण्टा भित्रको सम्बन्धित देशको स्वीकृति प्राप्त प्रयोगशालामा परीक्षण गरेको कोभिड-१९ परीक्षण नेगेटिभ रिपोर्ट अनिवार्य साथमा हुनु पर्नेछ।

(२) विदेशबाट नेपाल आगमन गर्ने यात्रुले यात्रा गर्नु अघि कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको वेबसाइट (ccmc.gov.np) मा रहेको अब्रोड रिटर्नी मेनेजमेन्ट सिस्टम (Abroad Returnee Management System) अनलाइन फाराम अनिवार्य रूपमा भरी सोको बारकोड प्रिन्ट गरी साथै लिएर आउनु पर्नेछ। विशेष परिस्थितिका कारण यात्रा शुरु गर्नु अघि अनलाइन फाराम भर्न नसकेका यात्रुहरूको हकमा उडानको लागि चेक इन गर्नु अघि सो अनलाइन फाराम भर्नु भराउनु पर्नेछ। चेक इन गर्नु अघि अनलाइन फाराम भर्न सम्भव नभएकाको हकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको समन्वयमा

सम्बन्धित वायु सेवाले नै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हुने स्वास्थ्य परीक्षण अगावै फाराम भर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको व्यवस्था बारे सम्बन्धित कूटनीतिक नियोगले नेपाल आउन इच्छुक यात्रुलाई जानकारी दिने व्यवस्था मिलाउनु पर्नेछ।

७. <u>होटल बुक गरेको हुनुपर्ने:</u> (१) कोभिड-१९ को नयाँ भेरियन्टको सङ्क्रमण भएका मुलुकबाट वा सो मुलुकमा ट्रान्जिट भई हवाई मार्गबाट नेपाल आगमन गर्ने सबै यात्रुले हवाई टिकट खरिद गर्नु अघि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सूचीकृत गरेको होटलमा क्वारेन्टिनका लागि अनिवार्य रूपमा बुक गरेको हुनु पर्नेछ।

(२) सम्बन्धित वायु सेवाले चेक इन गर्दा उपदफा (१) बमोजिम होटल क्वारेन्टिनमा बस्नुपर्ने यात्रुको होटल बुक गरेको व्यहोरा सुनिश्चित गर्नु पर्नेछ।

८. <u>होटल क्वारेन्टिन सम्बन्धी व्यवस्था:</u> (१) कोभिड-१९ को नयाँ भेरियन्टको सङ्क्रमण भएका मुलुकबाट वा सो मुलुक ट्रान्जिट भई हवाई मार्गबाट नेपाल आगमन गर्ने सबै यात्रु वा त्यस्ता यात्रु समावेश भएको उडानबाट नेपाल आगमन हुने सबै यात्रु आफ्नै खर्चमा होटल क्वारेन्टिनमा अनिवार्य रूपमा बस्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम होटल क्वारेन्टिनमा बस्ने यात्रुले पाँच दिनपछि आफ्नै खर्चमा कोभिड-१९ परीक्षण गर्दा नतिजा नेगेटिभ आएमा थप पाँच दिन होम क्वारेन्टिनमा रहने गरी गन्तव्यमा जान दिन सकिनेछ।

तर कोभिड-१९ को परीक्षण नगर्ने यात्रुले दश दिन होटल क्वारेन्टिनमा अनिवार्य रूपमा रहनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कोभिड-१९ को नयाँ भेरियन्टको सङ्क्रमण नभएका मुलुकबाट सिधै वा त्यस्तो सङ्क्रमण नभएको मुलुकमा ट्रान्जिट भई हवाई मार्गबाट नेपाल आगमन हुने यात्रु मात्र रहेको उडानबाट आउने यात्रुका हकमा अनिवार्य दश दिन होम क्वारेन्टिनमा बस्ने शर्तमा गन्तव्यमा जान दिन सकिनेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको क्वारेन्टिनको अवधि सामान्य अवस्थामा दशौं दिनपश्चात् समाप्त हुनेछ।

(५) उपदफा (१), (२) र (३) बमोजिम होम क्वारेन्टिन वा होटल क्वारेन्टिनमा रहने व्यक्तिको विवरण अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र र सम्बन्धित स्थानीय तहको हुनेछ।

९. <u>सम्बन्धित वायु सेवाले गर्नु पर्ने व्यवस्था:</u> (१) सम्बन्धित वायु सेवाले कोभिड-१९ को नयाँ भेरियन्टको सङ्क्रमण भएका मुलुकबाट वा सो मुलुकमा ट्रान्जिट भई हवाई मार्गबाट नेपाल आगमन हुने सबै यात्रुको हकमा दफा ६ को उपदफा (१) र (२) बमोजिमको

कोभिड-१९ परीक्षण रिपोर्ट र अनलाइन फाराम भरेको प्रमाण तथा दफा ७ बमोजिम होटल बुकिङ्ग गरेको प्रमाण यात्रुसँग रहेको सुनिश्चित गर्नु पर्नेछ।

(२) हवाई यात्रा शुरु भएपछि वायु सेवाले यात्रुहरूलाई कोभिड-१९ र यसको नयाँ भेरियन्टसँग सम्बन्धित महत्त्वपूर्ण सूचना, होटेल तथा होम क्वारेन्टिन, कोभिड- १९ परीक्षण लगायतका यस आदेशमा उल्लेख भएका सम्वन्धित व्यवस्थाहरूको सम्बन्धमा जानकारी दिनु पर्नेछ।

(३) दफा ६ को उपदफा (१) को शर्त पूरा नभएका यात्रुलाई ल्याउन पाइने छैन। कुनै वायु सेवाले त्यस्ता यात्रु ल्याएमा त्यस्तो उडानबाट आउने सम्पूर्ण यात्रुको लागि होटेल क्वारेन्टिन, स्वास्थ्य परीक्षणलगायतका सम्पूर्ण खर्च सम्बन्धित वायु सेवाले व्यहोर्नु पर्नेछ।

(४) कुनै वायु सेवाले दफा ६ को उपदफा (२) र दफा ७ को उपदफा (१) बमोजिमको शर्त पूरा नभएका यात्रु ल्याएमा अनलाइन फाराम भर्ने तथा होटेल क्वारेन्टिनमा राख्ने जिम्मेवारी सम्बन्धित वायु सेवाको हुनेछ। यस्ता यात्रुको लागि लाग्ने होटेल क्वारेन्टिन तथा स्वास्थ्य परीक्षण खर्च सम्बन्धित वायु सेवाले व्यहोर्नु पर्नेछ।

१०. <u>क्वारेन्टिनको लागि सूचीकृत हुने होटलको जिम्मेवारी:</u> (१) होटल क्वारेन्टिन सञ्चालन गर्न इच्छुक होटलले होटलको नाम, ठेगाना, सम्पर्क नं., सेवा सुविधाको विवरण, दर रेट, बेडको क्षमता, सम्पर्क व्यक्तिको नाम र फोन नं.सहितको विवरण सूचीकृत गर्ने प्रयोजनको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तोकेको निकायमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण प्राप्त भएपछि आवश्यक जाँचबुझ गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आफ्नो वेबसाइटमा होटल क्वारेन्टिन सञ्चालन गर्न सक्ने होटलको सूची प्रकाशन गर्नु पर्नेछ र त्यस्ता होटलको सूची कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको वेबसाइटमासमेत राख्ने प्रबन्ध गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको सूची नियमित रूपमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अद्यावधिक गर्नु पर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम सूचीमा समावेश भएका क्वारेन्टिन सञ्चालनको लागि सूचीकृत होटलले आफ्नो क्षमताअनुसारको सङ्ख्यामा मात्र बुकिङ्ग लिनु पर्नेछ।

(५) यस आदेशको व्यवस्थाबमोजिम बुकिङ्ग लिएका यात्रुलाई सम्बन्धित होटलले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सम्बन्धित होटलसम्म आफ्नै व्यवस्थापनमा छुट्टै सवारी साधन प्रयोग गरी लैजानु पर्नेछ।

(६) होटल क्वारेन्टिनमा रहने व्यक्तिलाई अन्य व्यक्तिसँग भेटघाट गर्न वा घुलमिल हुन नपाउने गरी आवश्यक व्यवस्था सम्बन्धित होटलले मिलाउनु पर्नेछ।

(७) होटल क्वारेन्टिनमा रहने व्यक्तिलाई स्वस्थ खाना तथा बस्न उपयुक्त व्यवस्था मिलाउनु पर्नेछ।

(८) सम्बन्धित होटलले क्वारेन्टिनमा रहेका व्यक्तिको वैयक्तिक विवरण अद्यावधिक गरी राख्नु पर्नेछ र यस्तो क्वारेन्टिनमा बस्नुपर्ने व्यक्तिको आगमन र बहिर्गमन (चेक इन र चेक आउट) को विवरण सम्बन्धित जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र र नेपाली सेना उपत्यका पृतना हेड क्वाटर र कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको सचिवालयमा दैनिक रूपमा ईमेलमार्फत् उपलव्ध गराउनु पर्नेछ।

(९) होटल क्वारेन्टिनमा रहेका व्यक्तिमा कोभिड-१९ सम्बन्धी लक्षण तथा चिह्न वा अन्य कुनै किसिमको स्वास्थ्य समस्या देखिएमा सम्बन्धित होटलले स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा आवश्यक समन्वय गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेको अस्पतालमा आवश्यक स्वास्थ्य जाँचको व्यवस्था मिलाउनु पर्नेछ।

(१०) उपदफा (९) बमोजिम स्वास्थ्य परीक्षण गर्दा अस्पतालमा नै भर्ना भई उपचार गराउनु पर्ने अवस्था भएमा बाँकी दिनको होटल खर्चको रकम होटलले सम्बन्धित व्यक्तिलाई फिर्ता दिनु पर्नेछ।

(११) यस दफाबमोजिम होटल क्वारेन्टिनमा रहेका व्यक्तिको दफा ८ को उपदफा (२) बमोजिमको कोभिड-१९ को परीक्षणको रिपोर्टको एक प्रति सम्बन्धित होटलले जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रमा चेक आउट हुनासाथ अनिवार्य रूपमा पठाउनु पर्नेछ।

११. <u>नियोगले प्रवेश आज्ञा जारी गर्ने:</u> यस आदेशमा भएको व्यवस्थाबमोजिम नेपाल आगमन हुने विदेशी नागरिकले नेपाली नियोगबाट प्रचलित कानुनबमोजिम प्रवेश आज्ञा लिनु पर्नेछ।

१२. <u>स्वास्थ्य परीक्षणसम्बन्धी व्यवस्था:</u> (१) हवाई मार्ग वा स्थल मार्गबाट नेपाल आगमन हुने यात्रुको स्वास्थ्य परीक्षण गर्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र सम्बन्धित स्थल सीमा नाकामा हेल्थ डेस्कको व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने छ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य परीक्षण गर्दा कुनै व्यक्तिलाई कोभिड-१९ सम्बन्धी कुनै लक्षण वा चिह्न देखा परेमा वा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेको नजिकको अस्पतालमा तत्काल उपचारको व्यवस्था गराउनु पर्नेछ।

१३. <u>यात्रु आगमन र होटल क्वारेन्टिनको व्यवस्थापन:</u> (१) कोभिड-१९ को नयाँ भेरियन्टको सङ्क्रमण भएका मुलुकबाट वा सो मुलुकमा ट्रान्जिट भई हवाई मार्गबाट नेपाल आउने यात्रु आगमन र होटल क्वारेन्टिनको व्यवस्थापन अन्य सुरक्षा निकायको समन्वयमा नेपाली सेनाले गर्नेछ।

(२) विदेशबाट नेपालमा आई होटल क्वारेन्टिन वा होम क्वारेन्टिनमा गएका व्यक्तिको अभिलेख नेपाली सेनाले राख्नेछ।

(३) होम क्वारेन्टिनमा रहेका बखत स्वास्थ्य समस्या भएमा निज आफैंले नजिकको अस्पतालमा उपचार गराउनु पर्नेछ। यसरी उपचार गराएका व्यक्तिको विवरण

सम्बन्धित स्थानीय तहले सम्बन्धित जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको विवरणको एकीकृत लगत कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रले राख्नेछ।

१४. <u>क्वारेन्टिनको अनुगमन तथा निरीक्षणसम्बन्धी व्यवस्था:</u> (१) यस आदेशबमोजिमको होम क्वारेन्टिन वा होटल क्वारेन्टिनको अनुगमन तथा निरीक्षणको व्यवस्था स्थानीय तहसँगको समन्वयमा सम्बन्धित जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रले गर्नु पर्नेछ।

(२) क्वारेन्टिन व्यवस्थापन सम्बन्धमा कुनै किसिमको समस्या परेमा जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रले कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रसँग समन्वय गरी समाधान गर्नु पर्नेछ।

१५. <u>विशेष व्यवस्था गर्न सकिने:</u> यस आदेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहायबमोजिम गर्न सकिनेछ:-

(क) जटिल स्वास्थ्य समस्या भएका, आफन्तको मृत्यु भई आफै काज किरियामा बस्नुपर्ने व्यक्तिको लागि कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र सचिवालयको समन्वयमा क्वारेन्टिनको वैकल्पिक व्यवस्था गर्न,

(ख) नेपालस्थित विदेशी कूटनीतिक नियोग वा अन्तर्राष्ट्रिय संघ संस्थामा आफ्नो जिम्मेवारी सम्हाल्न आउने व्यक्तिको हकमा सम्बन्धित नियोग वा संस्थाबाट लिखित अनुरोध भई आएबमोजिमको क्वारेन्टिनमा बस्न अनुमति दिन,

(ग) नेपाल सरकारको औपचारिक निमन्त्रणामा नेपाल भ्रमण गर्ने विदेशी उच्च पदाधिकारीले यात्रा गर्नु अघि स्वाब सङ्कलन भएको समयबाट बहत्तर घण्टा भित्रको कोभिड-१९ परीक्षणको नेगेटिभ रिपोर्ट लिई निर्धारित स्वास्थ्य मापदण्ड पालना गर्ने गरी निर्धारित बैठक, भेटघाटलगायतका कार्यक्रममा सहभागिताको लागि अनुमति दिन,

(घ) नेपालबाट कुनै औपचारिक कार्यक्रममा भाग लिन विदेशमा गई पाँच दिन वा सोभन्दा कम अवधिमा नेपाल फर्कने पदाधिकारीलाई नेपालबाट प्रस्थान गर्नु अघि पेश गरेको कोभिड-१९ परीक्षणको नेगेटिभ रिपोर्टका आधारमा नेपाल प्रवेश गर्न र निर्धारित स्वास्थ्य मापदण्ड पालना गर्ने गरी सम्बन्धित गन्तव्यमा जान अनुमति दिन,

(ङ) यात्रा गर्नु अघि स्वाब सङ्कलन भएको समयबाट बहत्तर घण्टाभित्रको कोभिड-१९ परीक्षणको नेगेटिभ रिपोर्ट भएका र कोभिड-१९ विरुद्धको खोपको मात्रा पूरा भएका व्यक्तिको हकमा निर्धारित स्वास्थ्य मापदण्ड पालना गर्ने गरी गन्तव्यमा जान अनुमति दिन,

(च) विदेशस्थित नेपाली कूटनीतिक नियोगमा काम गर्ने कर्मचारी र निजको एकाघरको सदस्यको हकमा यात्रा गर्नु अघि स्वाब सङ्कलन भएको समयबाट बहत्तर घण्टाभित्रको कोभिड-१९ परीक्षणको नेगेटिभ रिपोर्ट लिई निर्धारित स्वास्थ्य मापदण्ड पालना गर्ने र कम्तीमा दश दिन होम क्वारेन्टिनमा बस्ने गरी सम्बन्धित गन्तव्यमा जान अनुमति दिन।

१६. <u>स्थल मार्गबाट नेपाल प्रवेशसम्बन्धी व्यवस्था</u>: (१) नेपाली नागरिक र नेपालसँग सीमा जोडिएका छिमेकी मित्रराष्ट्रका नागरिक बाहेक अन्य विदेशी नागरिकले स्थल मार्गबाट नेपाल प्रवेश गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम स्थल मार्गबाट नेपाल प्रवेश गर्ने व्यक्तिले देहायका नाकाबाट मात्र नेपाल प्रवेश गर्न पाउनेछ:-

(क) पशुपतिनगर (इलाम),
(ख) काकडभिट्टा (झापा),
(ग) खजुरगाछी (झापा),
(घ) रानी (मोरङ),
(ङ) भण्टाबारी (सुनसरी),
(च) कुनौली (सप्तरी),
(छ) माडर (सिराहा),
(ज) जटही (धनुषा),
(झ) इनर्वा (धनुषा),
(ञ) भिट्टामोड (महोत्तरी),
(ट) मलंगवा (सर्लाही),
(ठ) गौर (रौतहट),
(ड) बंकुल (रौतहट),
(ढ) मटिअर्वा (बारा),
(ण) सिम्रौनगढ (बारा)
(त) वीरगञ्ज (पर्सा),
(थ) त्रिवेणी (नवलपरासी बर्दघाट सुस्ता पूर्व)
(द) महेशपुर (नवलपरासी बर्दघाट सुस्ता पश्चिम),
(ध) बेलहिया (रूपन्देही),
(न) तौलिहवा (कपिलवस्तु),
(प) कृष्णनगर (कपिलवस्तु),
(फ) कोइलाबास (दाङ),
(ब) जमुनाह (बाँके),
(भ) सुरजपुर, गुलरिया (बर्दिया),
(म) गौरीफन्टा (कैलाली),
(य) गड्डाचौकी (कञ्चनपुर),
(र) झुलाघाट (बैतडी),

(ल) दार्चुला (दार्चुला),

(व) रसुवा गढी (रसुवा),

(श) तातोपानी (सिन्धुपाल्चोक)।

(३) कोभिड-१९ को नयाँ भेरियन्टको सङ्क्रमण देखापरेका स्थानमा रही स्थल मार्ग हुँदै नेपाल प्रवेश गर्ने नेपाली नागरिक र नेपालसँग सीमाना जोडिएका मित्रराष्ट्रका नागरिकले नेपालमा आगमनको लागि यात्रा शुरु गर्नु अघि स्वाब सङ्कलन भएको समयबाट बहत्तर घण्टाभित्रको कोभिड-१९ परीक्षणको नेगेटिभ रिपोर्ट सीमा नाकामा रहेको स्वास्थ्य डेक्समा अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको नाकाबाट नेपाल आगमन हुने यात्रुले कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको वेबसाइट (ccmc.gov.np) मा रहेको अग्रोड रिटर्नी मेनेजमेन्ट सिस्टम अनलाइन फाराम अनिवार्य रूपमा भरी सोको बारकोड प्रिन्ट गरी साथै लिई आउनु पर्नेछ। विशेष परिस्थितिका कारण यात्रा शुरु गर्नु अघि अनलाइन फाराम भर्न नसकेका यात्रुले सीमा नाकामा स्वास्थ्य परीक्षण गर्दाकै अवस्थामा अनलाइन फाराम भर्नु भराउनु पर्नेछ।

(५) सीमा नाका स्वास्थ्य डेक्सले आवश्यक स्वास्थ्य परीक्षण गरेपछि जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रले कोभिड-१९ का लक्षण देखिएका व्यक्तिलाई आईसोलेशन केन्द्र वा अस्पतालमा प्रेषण गर्ने र अन्य यात्रुलाई सम्बन्धित स्थानीय तहसँग समन्वय गरी दश दिनसम्म होम क्वारेन्टिनमा बस्ने व्यवस्था मिलाउनु पर्नेछ।

(६) उपदफा (४) बमोजिम आइसोलेसन केन्द्र, अस्पताल वा होम क्वारेन्टिनमा रहने व्यक्तिको विवरण सम्बन्धित जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रले कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको वेबसाइटमा रहेको कोभिड-१९ डिस्ट्रिक्ट इन्फर्मेशन मेनेजमेन्ट सिस्टममा नियमित रूपमा अद्यावधिक गर्नु पर्नेछ।

१७. <u>आवश्यक व्यवस्था गर्न सक्ने:</u> कोभिड-१९ को नयाँ भेरियन्टको सङ्क्रमणको जोखिम विश्लेषणको आधारमा विदेशबाट नेपाल आगमन हुने यात्रुको क्वारेन्टिन तथा सुरक्षा सम्बन्धमा थप व्यवस्था गर्नु पर्ने भएमा कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र निर्देशक समितिले आवश्यक व्यवस्था गर्न सक्नेछ।

१८. <u>कारबाही हुने:</u> यस आदेशको उल्लङ्घन गर्ने कुनै व्यक्ति, संस्था, वायु सेवा वा निकायलाई संक्रामक रोग ऐन, २०२० तथा अन्य प्रचलित कानूनबमोजिम कारबाही हुनेछ।

१९. <u>यस आदेशबमोजिम हुने:</u> कोभिड- १९ को रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा यस आदेशमा लेखिएको विषयमा यसै आदेशबमोजिम र अन्य विषयमा प्रचलित कानूनबमोजिम नेपाल सरकार वा सम्बन्धित मन्त्रालयबाट जारी भएको आदेश वा गरिएको व्यवस्थाबमोजिम हुनेछ।